# औपन्यासिक तत्त्वका आधारमा अनिदो पहाडसँगै उपन्यास

**कल्पना लुइटेल**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखको सार**

प्रस्तुत अध्ययनमा *अनिदो पहाडसँगै* प्रगतिवादी धाराको एक सशक्त उपन्यास हो । यस अध्ययनमा विसङ्गतिवादी, शून्यतावादी धाराबाट उपन्यासमा कलम चलाएकी पारिजातको प्रगतिवादी उपन्यास*अनिदो पहाडसँगै* उपन्यासको औपन्यासिक तत्त्वहरू कथानक, पात्र/चरित्र, उद्देश्य, भाषाशैली, दृष्टिबिन्दु, पर्यावरण र संवादका आधारमा अध्ययन गरिएको छ। अन्तमा अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ।

**प्रमुख शब्दावली** : विसङ्गतिवादी , शून्यतावादी धार, प्रगतिवादी , क्रान्तिकारी, आख्यानात्मक, सुल्फा, बद्ध, मुक्त, अर्न्तमुखी, बर्हिमुखी, आबा, सार्वभौम, आञ्चलिक, मञ्चीय, नेपथ्य ।

## विषय प्रवेश

उपन्यासकार पारिजातको जन्म वि. सं.१९९४ (सन् १९३७ ) वैशाखमा बुबा कालुसिंह र आमा अमृत मोक्तानका तेस्रो सन्तानका रूपमा दार्जिलिङमा भएको हो। उनले स्नातकसम्मको औपचारिक शिक्षा पूरा गरेको देखिन्छ। एम. ए. अङ्ग्रेजी भर्ना गरेर पनि आर्थिक अभावका कारण पढाइ पूरा गर्न नसकी पारिजातले मदन मेमोरियल गर्ल्स हाइस्कुलमा पढाउन थालेको उल्लेख (घिमिरे र ज्ञवाली, २०५८, पृ.२) छ। यही समयमा उनलाई बाथ रोगले दुःख दिएकाले उनी यो पेसा छोड्न बाध्य भएको बराल र घिमिरेले उल्लेख गरेका छन् (बराल र घिमिरे,२०५५, पृ.१२१) ।

वि.सं. २०१३ मा धरती पत्रिकामा दुईवटा कविताबाट साहित्यिक यात्रा आरम्भ गरेकी पारिजातको पहिलो आख्यानात्मक कृति मैले नजन्माएको छोरो कथा वि.सं. (२०२१) हो । यो दुई महिने मासिक पत्रिका 'रचना' को रेखा ३ बिन्दु १ असोज कार्तिकमा छापिएको थियो । नेपाली साहित्यमा कविता, कथा, उपन्यास, आत्मसंस्मरण र लेखनिबन्ध विधामा सशक्त कलम चलाएकी पारिजातका **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), **बैंसको मान्छे** (२०२९), **अर्न्तमूखी** (२०३२) , **तोरीबारी बाटा र सपनाहरू** (२०३३), **उसले रोजेको बाटो** (२०३४), **अनिदो पहाडसँगै** (२०३९) , **परिभाषित आँखाहरू**(२०४६) र **बोनी** (२०४८) प्रकाशित औपन्यासिक कृतिहरु हुन् भने उनका **आकाङ्क्षा** (२०१४), **पाजितका कविताहरू** (२०४४) र **बैंसालु वर्तमान** (२०५०) प्रकाशित कविता सङ्ग्रहहरू रहेका छन् । उनका **आदिम देश** (२०२५), **सडक र प्रतिभा** (२०३२), **साल्गीको बलात्कृत आँशु** (२०४३) र **वधशाला जाँदा आउँदा** (२०४९) प्रकाशित कथा सङ्ग्रह हुन् । उनका **धूपी, सल्ला र लालीगुराँसको फेदमा** (२०४३), **एउटा चित्रमय शुरुवात** (२०४५) र **अध्धयन र सङ्घर्ष** (२०५०) प्रकाशित आत्मसंस्मरणात्मक कृतिहरु हुन् । उनको **लेखनिबन्धका रुपमा आधी आकाश** (२०४८) प्रकाशित रहेको छ। साहित्यकार पारिजातले विभिन्न विधामा कलम चलाएर नेपाली

साहित्यमा आफूलाई स्थापित गरेकी छन् । उनी नेपाल मानवअधिकार सङगठन, प्रगतिशील लेखक संघ, बन्दी सहायता नियोगको संस्थापक अध्यक्ष, अखिल नेपाल महिला संघ र अखिल नेपाल महिला मञ्चको अध्यक्ष बनेर राजनैतिक क्षेत्रका विसङ्गति र विकृतिप्रति सङ्घर्ष गर्ने क्रान्तिकारी योद्धाका रूपमा स्थापित भएकी छन् । शारीरिक दृष्टिले पूर्ण स्वस्थ नरहे पनि बौद्धिक रूपमा पारिजात अत्यन्तै सबल पात्र थिइन । साहित्यको सेवा गरेवापत उनले मदन पुरस्कार (२०२२), गंकी बसुन्धरा पुरस्कार (२०४९), सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५०) प्राप्त गरिन । उनले २०३२ सालदेखि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वतवृत्ति पाएकी थिइन् (चापागाई र संग्रौला; २०५१ : ज) । यस्तै वि.सं.२०४८ मा त्रि. वि. सभा सदस्य भएकी थिइन । यसरी विभिन्न विधामा कलम चलाएकी पारिजातको यहाँ अनिदो पहाड उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## समस्याकथन

औपन्यासिक तत्त्वका दृष्टिले अनिदो पहाडसँगै उपन्यास के कस्तो छ ?

## अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य अनिदो पहाडसँगै उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा अध्ययन गर्नु रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा पारिजातको अनिदो पहाडसँगै उपन्यासलाई आधार सामग्री बनाइएको छ । उक्त शीर्षकसँग सम्बन्धित लेख, पुस्तक आदिको अध्ययनबाट प्राप्त सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत सामग्री मूलतः पुस्तकालयीय अध्ययन कार्यबाट सम्पन्न गरिएको छ ।

## सैद्धान्तिक आधार

औपन्यासिक तत्त्व के के हुन् भन्ने बारेमा विद्वानका बिचमा मतैक्य नपाइए पनि अधिकांशले स्वीकारेका कथानक, पात्र, उद्देश्य, पर्यावरण, भाषाशैली , दृष्टिबिन्दु र संवादका आधारमा प्रस्तुत उपन्यासको अध्ययन गरिएको छ ।

### (क) कथानक

उपन्यासको कथावस्तुमा आउने घटनाहरूको योजनाबद्ध, तार्किक शृङ्खलालाई कथानक भनिन्छ । यसमा आउने घटनाहरू कार्यकारण शृङ्खलामा बाधिएका हुन्छन् अथार्त् घटनाहरूलाई एक अर्कोसँग सम्बन्ध जोर्ने काम कथानकले गर्छ । उपन्यासलाई अगाडि बढाउने मेरुदण्ड नै कथानक हो । कथानक अनुरूपका चरित्र, संवाद, विचार, कल्पनाजस्ता कुराहरू समाहित भएका हुन्छन् । एउटा उपन्यासमा धेरै कथावस्तु कथानकका रूपमा आएका हुन्छन् । कथावस्तुका श्रोत विभिन्न हुन सक्छन् । इतिहास, राजनीति, समाज, संस्कृति, मनोविज्ञान, धर्म, मिथक, यथार्थ भोगाइ आदि । कथावस्तुका श्रोतमध्ये रचनाकारले कथानकको बुनोट गर्दा एक वा एकभन्दा धेरै श्रोतका कथालाई समिश्रण गरी कलात्मक पाराले आफ्ना विचारमा अरुलाई सहमत बनाउन कोसिस गरेको हुन्छ । यो नै उपन्यासको आधारवस्तु हो ।

### (ख) पात्र र चरित्र

उपन्यासको कथानकलाई अगाडि बढाउने माध्यम पात्र हुन् । पात्रलाई चरित्र पनि भनिन्छ । उपन्यासलाई सजीव बनाउने र कथानकलाई अघि बढाउने कार्य पात्रले गर्दछन् । पात्र मानव र मानवेत्तर जस्ता पनि हुन सक्छन् । उपन्यासमा पात्रको कथा, ब्यथा, सुख, दुःख आँसु , हाँसोलाई प्रस्तुत गरिएको हुन्छ । उपन्यासका चरित्र कथावस्तु अनुरूपका भए भने मात्र उपन्यास सजीव बन्दछ । स्रष्टाले आफ्नो विचार, उद्देश्य पात्रका माध्यामबाट प्रस्तुत गरेको हुन्छ । त्यसैले पात्रका माध्यामबाट सांसरिक जीवन एवम् आन्तरिक जीवनका प्रवृत्तिलाई प्रस्तुत गर्ने एक सशक्त माध्याम हो । समालोचक प्रधानका विचारमा “पात्रहरूको क्रमबद्ध चारित्रिक निर्माण नै उपन्यास रचनाको मूल समस्या हो” (प्रधान, २०५२ : ८) । उपन्यासमा विभिन्न प्रकारका पात्रहरू आएका हुन्छन् ।

लिङ्गका आधारमा - पुरुष र स्त्री
कार्यका आधारमा - प्रमुख, सहायक र गौण
प्रवृत्तिका आधारमा - प्रतिकूल र अनुकूल
स्वभावका आधारमा - अन्तर्मूखी र बर्हिमूखी
सक्रियताका आधारमा - गतिशील र गतिहीन
जीवनचेतनाका आधारमा - वर्गीय र व्यक्तिगत
चिन्तनका आधारमा - यथार्थवादी र आदर्शवादी
परिवेशका आधारमा - सार्वभौम र आञ्चलिक
आसन्नताका आधारमा - मञ्च र नेपथ्य
आबद्धताका आधारमा - बद्ध र मुक्त ।

### ग) पर्यावरण

देश, काल, वातावरणलाई (पर्यावरण) भनिन्छ । उपन्यासमा यसलाई परिवेश पनि भनिन्छ । उपन्यास परिवेशमा केन्द्रित भएर अगाडि बढेको हुन्छ । पर्यावरणका आधारमा उपन्यासमा कुन समयको घटना, कुन स्थानको कथावस्तु हो भन्ने बुझिने हुनाले यो पनि उपन्यासको महत्त्वपूर्ण तत्त्वका रूपमा पर्दछ । पर्यावरणले उपन्यासमा विश्वसनीयता प्रदान गर्दछ । उपन्यासमा परिवेश अनुसारको भेषभुषा, पात्र, भाषा प्रयोग भएमा उपन्यास जीवन्त बन्दछ । यसले देशको सामाजिक, धार्मिक, राजनैतिक परिस्थिति बुझाउँछ । समाजका राम्रा नराम्रा चालचलन दर्शाउँछ ।

### घ) भाषाशैली

साहित्य प्रस्तुत गर्ने माध्याम भाषाशैली हो । उपन्यास जीवन्त बन्न भाषाशैली प्रभावकारी माध्याम हो । उपन्यासमा भाषा पात्रअनुकूलको, समयअनुकूलको, स्थानअनुकूलको आएमा साहित्य सशक्त बन्दछ । शैली वर्णनात्मक, विश्लेष्णात्मक, आत्मकथात्मक आदि विभिन्न प्रयोग गरिन्छ । शिक्षित पात्रले प्रयोग गर्ने भाषा स्तरीय, बौद्धिक, तार्किक हुनुपर्छ भने अनपढले प्रयोग गर्ने भाषा सामान्य, स्थानीय शब्द प्रयोगको आञ्चलिक, हुनुपर्छ । शिक्षित पात्रले आलङ्कारिक,

व्यङ्ग्यात्मक, समास शैलीको प्रयोग गरेमा साहित्य उत्कृष्ट बन्दछ।

### ङ) दृष्टिबिन्दु

उपन्यासमा कथायिता कथावाचनका लागि रोजेको स्थानलाई दृष्टिबिन्दु भनिन्छ। कथयिताले उपन्यासभित्र बसेर कथा भनेको छ भने त्यसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु भनिन्छ। कथयिता उपन्यासबाहिर बसेर कथावाचन गर्छ भने त्यसलाई बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु भनिन्छ। आन्तरिक दृष्टिबिन्दु आत्मकथाजस्तो हुन्छ। उसले आफ्ना भोगाइ, अनुभव निजी तवरले भनिरहेको हुन्छ। बाह्य दृष्टिबिन्दुका उपन्यासमा अरुका बारेमा टिप्पणी, वर्णन गरेको हुन्छ।

### च) उद्देश्य

उपन्यास रचनाको प्रयोजन नै उद्देश्य हो। उद्देश्य विनाको कुनै पनि काम नहुने हुनाले श्रष्टाले निश्चत उद्देश्य प्रतिपादन गर्न उपन्यास रचना गरेको हुन्छ। समालोचक प्रधानले नेपाली उपन्यास र उपन्यासकारमा 'प्रयोजनबिनाको कल्पनाले औपन्यासिक स्वरूप लिन नसक्ने' (प्रधान, २०५२ : ११) विचार व्यक्त गरेका छन्।

### छ) संवाद

पात्रहरूका बिचको कुराकानीलाई संवाद भनिन्छ। उपन्यासलाई रोचक र प्रभावकारी बनाउन संवाद महत्त्वपूर्ण मानिन्छ। संवादले उपन्यासलाई रोचक, प्रभावकारी र कौतुहल बनाउछ। संवादले घटना र कार्यव्यापारलाई जोड्दछ। संवाद छोटा र पात्रअनुकूलको भएमा उपन्यास प्रभावकारी बन्दछ। पात्रहरूका बिचमा रहेका समस्या, अर्न्तद्वन्द्व संवादका माध्यामबाट व्यक्त हुन्छन्।

## व्याख्या र विश्लेषण

### कथानकका आधारमा अनिदो पहाडसँगै उपन्यास

प्रस्तुत अनिदो पहाडसँगै उपन्यासको कथावस्तु वि.सं. २०३५ / २०३६ सालको राजनैतिक यथार्थमा आधारित छ। यो ऐतिहासिक, राजनैतिक विषयको यथार्थ घटनाप्रधान उपन्यास हो। यसको कथानकको सुरुवात नुवाकोटको चिन्डे गाउँबाट भएको छ। विपन्न घ्याबरिङ बुढाकी छोरी गोरीमायाको बिहे गाउँका शोषक सामन्त कृष्णे कार्की र सतासी बाजेले बौलाहा केटोसित गराइदिन्छन्। बौलाहा लोग्नेको पिटाइ र सासूको अत्याचार सहन नसकी ज्यान जोगाउन भागेर गोरीमाया माइत जान्छे। सानीमाको छोराले गोरीमायालाई काममा लगाइदिने भनेर सहरमा डी. एस. पी. आलेको घरमा लगिदिन्छ। डी. एस. पी. आलेले झट्केलो छोरो लालबहादुरलाई आफ्नै छोरो बनाएर राखेको हुन्छ। छोरो लाले पञ्चायती ब्यवस्थाका विरुद्धमा विधार्थी राजनीतिमा सक्रिय हुन्छ। बाबु आले छोरालाई राजनीतिमा नलाग्न सुझाव दिन्छ तर लालबहादुर नटेरी सशक्त ढङ्गमा सक्रिय हुन्छ। विधार्थी राजनीतिमा सुवानी, प्रदीप, एम. आर. आदि सक्रिय देखिन्छन्। गोरीमाया लालेको व्यवहारबाट प्रभावित हुन्छे। वि.सं.२०३५ मा पाकिस्तानमा प्रजातन्त्रवादी नेता जुल्फीकार अलि भुट्टोलाई फाँसी दिएको घटनाको विरुद्धमा नेपाली विधार्थीहरू सडकमा उत्रन्छन्। सरकारले

आन्दोलनको कडा दमन गर्छ । झन आन्दोलनले चक्रो रूप लिन्छ । यो आन्दोलनको समर्थनमा कर्मचारी, मजदुर र साधरण जनतासमेत उत्रन्छन् । फलस्वरूप सरकार बहुदल कि निर्दल भनी जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य हुन्छ । जनमत सङ्ग्रहको नतिजा घोषणा गर्दा षडयन्त्रपूर्वक निर्दलको जित गराइन्छ । जनतामा आक्रोश झनै बढ्छ । विधार्थी आन्दोलन अझै सशक्त बदन्छ । मजदुर, कर्मचारी पनि आन्दोलनमा सक्रिय हुन्छन् । लालबहादुर मजदुर आन्दोलनमा सम्बोधन गर्दागर्दै मारिन्छ । डी. एस.पी. आले पनि आन्दोलन दबाउन जाने क्रममा आफ्नै पुलिस साथीको षडयन्त्रका कारण मर्दछ । सुवानी प्रतिक्रियावादी प्रवेश सुब्बाहरूबाट बलात्कृत हुन्छे र डिप्रेसनमा जान्छे । एम. आरले सम्झाई, बुझाई पुनः तराइमा सङ्गठन गर्न पठाउँछ । प्रदीप प्रहरीको पिटाइका कारण आन्दोलनबाट पलायन हुन्छ । सुवानीलाई तराइमा षडयन्त्रपूर्वक पक्राउ गरी हत्या गरिन्छ । चन्द्रकान्ता (लालेकी आमा ) ले आफ्नो घर आन्दोलनकारीलाई सुम्पिदै तथा गोरीमायासमेत भई श्रद्धाञ्जली गर्दै संस्मरण गरेबाट उपन्यासको कथानक समाप्त हुन्छ ।

## पात्र र चरित्रका आधारमा *अनिदो पहाडसँगै* उपन्यास

प्रस्तुत अनिदो पहाडसँगै उपन्यास बहुल पात्र प्रयोग भएको उपन्यास हो । माथि भनिएझैँ पुरुष, स्त्री, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, अर्न्तमूखी, बर्हिमूखी, वर्गीय, व्यक्तिगत, यथार्थवादी, सार्वभौम, बद्ध, मुक्त आदि विभिन्न प्रकारका पात्र प्रयोग भएका छन् । सुवानी, लालबहादुर, गोरीमाया, चन्द्रकान्ता, डी.एस.पी. (आले), एम. आर.. प्रवेश सुब्बा, प्रदीप, पुष्परत्न साहू, प्रमिला, नयनतारा, घ्याबरिङ बुढा, कृष्णे कार्की, सतासी बाजे, बौलाहा केटो, बौलाहा केटोकी आमा, गोरीमायाको सानिमाको छोरो (साइलो) आदि पात्र प्रयोग भएका छन् । यस उपन्यासमा प्रयोग भएका निम्नलिखित प्रमुख पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

### सुवानी

सुवानी यस उपन्यासकी प्रमुख भूमिकामा आएकी नारी पात्र हो । पूर्वी पहाडबाट काठमाण्डौँ आइ एक्लै डेरा गरेर पढ्न बसेकी सुवानी आँटी, निडर, साहसी, क्रान्तिकारी, वीर योद्धा हो । ऊ गुण्डासँग पनि नडराउने उल्टै जाइलाग्ने चरित्रकी केटी हो । ऊ तत्कालीन शाषण- व्यस्थाका विरुद्धमा विधार्थी आन्दोलनको नेतृत्व गर्छे । ऊ जस्तासुकै प्रतिक्रियावादीसँग पनि लड्न सक्ने जोशिली पात्र हो । ऊ बलिरहेको आगोको लप्काभित्र गएर मान्छे ल्याउन सक्ने अदम्य आँट भएकी मानवतावादी र समाजसेवी पात्र हो । “आतङ्कित गाउँलेहरूले हेर्दाहेर्दै ऊ आगोका लप्का चिरेर छाप्रोभित्र पसी र केही बेरमै, अधमरो बुढालाई अँगालोमा उठाएर लप्काहरू चिर्दै बाहिर ल्याई” (पृ. ९०) । ऊ चरित्रवान केटी हो । उसलाई कसैले चरित्रसम्बन्धी कुरा उठाएमा मर्न सक्ने प्रतिक्रिया दिन्थी । ऊ प्रतिक्रियावादीहरू द्वारा सामूहिक बलात्कृत भएपछि एम. आर.को सल्लाहमा तराइमा गएर सङ्गठन गर्छे । दुखी, गरिव, अपाङ्ग, असाहयको सेवा गर्ने पारिजातको प्रगतिवादी चेत सुवानीमा प्रकट भएको तथा उनमा भएको स्वाभिमानी, साहसी र समाजसेवी झल्को सुवानीमा प्रकट भएको लेखकद्वय बताउँछन् ( घिमिरे र ज्ञवाली,२०५८, पृ.१३२) । यस उपन्यासकी सुवानी रचनाकार पारिजातको प्रतिनिधित्व गर्ने पात्र हो भन्न सकिन्छ ।

यसरी हेर्दा सुवानी प्रमुख भूमिकामा रहेकी स्त्री पात्र हो । ऊ आन्दोलनको नेतृत्व गर्दै राजनैतिक परिवर्तन गर्ने चाहना बोकेकी अनुकूल पात्र हो । ऊ सबैलाई गोलबन्द गर्दै, प्रशिक्षण दिदैँ हिड्ने बर्हिमूखी स्वभावकी पात्र हो । ऊ आन्दोलन सफल बनाउन जस्तोसुकै दुःख कष्ट खप्न पनि तयार गतिहीन तथा वर्गीय पात्र हो । तत्कालीन समयमा विद्यार्थी

आन्दोलनको नेतृत्व गर्ने यथार्थवादी पात्र हो । यस उपन्यासकी सुवानी सार्वभौम पात्र तथा यस उपन्यासबाट अलग गर्न नमिल्ने बद्ध पात्रका रूपमा चित्रित भएकी छ ।

## लालबहादुर

यस उपन्यासको प्रमुख पुरुष पात्र तथा सुवानीपछिको सशक्त चरित्र हो । चन्द्रकान्ताको छोरो लालबहादुर बाबु नभएको तर डी. एस. पी. भीष्मबहादुर आलेले चन्द्रकान्तालाईसँगै लालबहादुरलाई ल्याएर छोराको स्थान दिएको छ । ऊ विधार्थी राजनीतिमा सक्रिय छ । बाबु पेसाले शासनव्यवस्थाको रक्षा गर्नुपर्ने ठाउँमा रहेको हुदाँ राजनीतिमा नलाग्न सुझाए पनि ऊ सक्रिय रूपमा लागेको जटिल अवस्थाबाट अघि बढेको पात्र हो । ऊ आफ्नै बाबुका विरुद्धमा सङ्गठन गर्दै हिड्ने साहसी आर्न्तमूखी चरित्रको पात्र हो । ऊ अनुशासित, क्रान्तिकारी र स्वतन्त्रताप्रेमी पात्र हो । जसको छत्रछायाँमा हुर्किएको छ उसैसित लड्नुपर्ने उसको बाध्यता देखिन्छ । उसको बाबु डी.एस.पी. आले षडयन्त्रपूर्वक मारिएपछि बाबुको लास अन्तेष्टिका लागि उठाउँछ तर उसको मनमा अर्न्तद्वन्द्व चल्छ र भन्छ “आज मैले मलाई आश्रय दिने , मलाई सुविधाजनक जीवन दिने मेरो धर्म बाबुको लास बोकेको छु। आज मैले सामजिक प्रतिष्ठा बोकेको छु। ऊ फेरि सोच्थ्यो आज मैले भोका नाङ्गालाई र निहत्थ्या सुकुमवासीलाई बन्दुक र सङ्गीनले दमन गर्ने असभ्य पुलिसको लास बोकेको छु” (पृ.४६) । माथिको उद्धतांशका आधारमा ऊ आन्तरिक द्वन्द्वबाट ग्रसित पात्र हो भन्न सकिन्छ ।

लालबहादुर अविचलित रूपमा क्रान्तिको बाटोमा हिडेको छ । ऊ कहिल्यै बहकिएको छैन् । ऊ कहिल्यै निराश भएको छैन् । ऊ कहिल्यै हतोत्साही, नहुने र कहिल्यै अनैतिक काम नगर्ने पात्र हो । ऊ र उजस्तै आन्दोलनकारीका कारण वि.सं. २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा गर्न सरकार बाध्य भएको छ। ऊ मजदुर आन्दोलनलाई उत्साहित पार्न भाषण गर्ने क्रममा गोली लागि मृत्यु भएको वीर योद्धा हो । लालबहादुर यस उपन्यासको प्रतिनिधिमूलक वर्गीय पात्र हो । पञ्चायती व्यवस्थाका विरुद्ध धेरै लालबहादुरले सहादात प्राप्त गरेका छन् । यसरी हेर्दा लालबहादुर प्रमुख पुरुष चरित्र हो । ऊ अनुकूल चरित्रको सार्वभौम पात्र हो । ऊ आफ्ना कुरा अरुलाई नबताउने अर्न्तमूखी चरित्रको पात्र हो । ऊ आन्दोलन सफल बनाएरै छोड्ने सङ्कल्प गरेर हिडेको तथा आन्दोलनकै क्रममा सहादात प्राप्त गरेको यथार्थवादी तथा गतिहीन पात्र हो । लालबहादुर सार्वभौम, मञ्चीय पात्र हो । यस उपन्यासबाट लालबहादुरलाई हटाउन नमिल्ने बद्ध पात्र हो ।

## एम.आर.

एम.आर. यस उपन्यासको वैचारिक र राजनैतिक प्रशिक्षण दिने प्रतिनिधिमूलक पात्र हो । बाहिर धेरै सक्रिय नदेखिने तर भूमिगत रूपमा आन्दोलनको परिचालन गराउने महत्त्वपूर्ण पात्र हो । ऊ विधार्थी नेतालाई सजग, सचेत, उत्साहित बनाएर पार्टी काममा खटाउने कुशल सङ्गठक हो । ऊ अनुशासित, क्रान्तिप्रति प्रतिबद्ध चरित्र हो । सुवानीलाई प्रेम गर्ने तर नभन्ने तथा अनुचित व्यवहार नगर्ने सत पात्र हो । सुवानीको बलात्कार भएपछि सुवानीलाई थप उर्जा भर्दै मधेस खटाउँछ । ऊ कार्यका दृष्टिले सहायक तर भूमिकाका दृष्टिले प्रमुख पात्र हो । आन्दोलन सफल बनाउन विद्यार्थी परिचालित गर्ने एम. आर. अनुकूल, गतिहीन पात्र हो । पञ्चायती व्यवस्था हटाउन सक्रिय एम. आर. यथार्थवादी र सार्वभौम पात्र हो । यस उपन्यासबाट हटाउँदा कथानक खलबलिने एम. आर. बद्ध पात्र हो । बाहिर नदेखिने भित्रभित्रै सङ्गठन गर्ने एम. आर. नेपथ्य पात्र हो ।

## गोरीमाया

गोरीमाया यस उपन्यासको प्रारम्भबाट अन्तिमसम्म नै देखिएकी वर्गीय दृष्टिले निम्न वर्गकी अशिक्षित, शोषित, पीडित पात्र हो । ऊ गाउँका शोषक, जालीफटाहाको सिकार भएर बौलाहा पात्रसँग विवाह गर्न पुगेकी पीडित पात्र हो । बौलाहा लोग्नेको पिटाइ र सासुको प्रताडानाका कारण ज्यान जोगाउन भागेर माइत पुग्छे । ऊ सानीमाको छोराका मद्धतले सहरमा डी.एस.पी. आलेको घरमा काम गर्न पुगेकी छ । लालबहादुर र सुवानीका प्रेरणाका कारण कारखानामा काम गर्छे । पछि ऊ पनि मजदुर आन्दोलनमा सक्रिय हुन्छे । ऊ आफूलाई बौलाहा केटोसित बिहे गराइदिने कृष्णे कार्की र सतासी बाजेलाई नङले कोपरी कोपरी मासुको चोक्टा झिक्तै मार्ने थिए (पृ.१५) भन्दै आक्रोश पोख्छे । ऊ नजानिदो रूपमा लालबहादुरलाई मन पराउँछे । सुवानी लालबहादुरसँगै हिड्दा डाह गर्छे तर यी दुईको बिहे भइदिए राम्रो हुने विरोधाभाषी कामना गर्छे । ऊ यस उपन्यासकी गतिशील र महत्त्वपूर्ण पात्र हो । गोरीमाया यस उपन्यासकी सहायक स्त्री चरित्र हो । ऊ अरुको भलो चाहने अनुकूल पात्र हो । यस उपन्यासमा गोरीमाया गतिशील चरित्रका रूपमा देखिएकी छ । पञ्चायती व्यवस्थाको समयमा ग्रामीण, अशिक्षित तथा निम्न वर्गका स्त्रीले भोग्ने दुःख कष्ट पाएकी यथार्थवादी, सार्वभौम तथा मञ्चीय पात्र हो । यस उपन्यासबाट हटाउन नमिल्ने गोरीमाया बद्ध पात्र हो ।

## चन्द्रकान्ता

चन्द्रकान्ता यस उपन्यासकी दार्जीलिङमा होटेल थापेर बसेकी निम्न वर्गकी शोषित, पीडित पात्र हो । परिस्थितिले उसले नारकीय जीवन व्यतित गर्नुपरेको छ । डी.एस.पी. आलेले उसको बाबु विनाको छोरो लालबहादुरसहित उसलाई ल्याएपछि सम्मानित जीवन जिउन पाएकी छे । उसको छोरो लालबहादुर निष्ठुर छ भने श्रीमान् आले मायालु छ । यी दुवैको स्वभाव, भिन्न भएका कारण सन्तुलनमा राख्न उसलाई कठिन भएको छ । त्यसैले ऊ मानसिक द्वन्द्वको चपेटामा परेकी छ । श्रीमान् डी.एस.पी.शान्ति सुरक्षा कायम गर्नुपर्ने बाध्यतामा छ भने छोरो लालबहादुर व्यवस्था विरोधी क्रियाकलापमा सक्रिय छ । यी दुईको परिस्थितिको सिकार चन्द्रकान्ता भएकी छ । श्रीमान् र छोरो दुवैको मृत्यु भएपछि उसको चरित्रमा भिन्नता आएको छ । ऊ पनि क्रान्तिकारी समूहमा सामेल हुन्छे र आफ्नो घरसमेत क्रान्तिकारीलाई सुमपन्ने गतिशील र क्रान्तिकारीका रूपमा स्थापित भएकी छ । यसरी यस उपन्यासकी चन्द्रकान्ता सहायक स्त्री पात्रका रूपमा चित्रित भएकी छ । सुरुमा बाध्यताले प्रतिकूलजस्ती देखिए पनि अन्तिममा अनुकूल पात्रको रूपमा देखिएकी छ । ऊ अर्न्तमूखी तथा यथार्थवादी पात्रको भूमिका रहेकी छ । चन्द्रकान्ता यस उपन्यासकी मञ्चीय तथा बद्ध पात्र हो ।

## डी..एस.पी. आले :

प्रहरी अधिकृत डी. एस. पी. आले यस उपन्यासमा सहायक तथा पुरुष पात्र हो । ऊ सुरुमा बेसहारा चन्द्रकान्ता र लालबहादुरलाई सहारा दिने, श्रीमतीको दर्जा दिने र छोराको दर्जा दिने सकारात्मक भूमिकामा देखिन्छ । पछि छोरो व्यवस्था विरोधी आन्दोलनमा सरिक भएपछि आफ्नो कर्तव्य पालन गर्ने सन्दर्भमा आन्दोलन दबाउन बाध्य अनुकूलबाट प्रतिकूल चरित्रमा देखिएको गतिशील पात्रका रूपमा देखिएको छ । ऊ छोराको मुखबाट बाबु भनेको सुन्न लालयित तर त्यो मौकासमेत नपाए तापनि झटकेलो छोरालाई माया गर्छ र विधार्थी राजनीतिमा नलाग्न सम्झाउँछ । ऊ कर्तव्यपरायण, इमान्दार प्रहरी अफिसर हो । ऊ आफ्नै साथीको षडयन्त्रमा परी मारिन्छ । यस उपन्यासको आले प्रेम, कर्तव्य र असन्तुष्टिको त्रिकोणात्मक द्वन्द्वले जेलिएको पात्र हो भन्न सकिन्छ । यसरी हेर्दा आले सहायक पात्र, व्यक्ति

पात्र, यथार्थ पात्र, मञ्चीय तथा बद्ध पात्रका रूपमा उपन्यासमा देखिएको छ।

### पर्यावरणका दृष्टिले *अनिदो पहाडसँगै* उपन्यास

प्रस्तुत उपन्यासको स्थानगत परिवेश काठमाण्डौं उपत्यका, मधेश, नुवाकोट आदि आएका छन् तापनि यसले समग्र नेपालको भूगोल लिएको छ। यस उपन्यासमा पञ्चायती व्यवस्था विरोधी गतिविधिको प्रस्तुतीकरण भएको छ। साथै वि.सं. २०३५, २०३६ सालको विधार्थी आन्दोलन र त्यसको बलमा घोषणा भएको जनमतसङ्ग्रहको घोषणाको समय यस उपन्यासमा प्रकट भएको छ। समालोचक कृष्णचन्द्रसिंह प्रधान यो उपन्यास २०३६ सालको विधार्थी आन्दोलनको पृष्ठभूमिमा रचना भएको उल्लेख गर्दछन् ( प्रधान; २०५२ : ३५६)। कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवालीले 'आख्यानकार पारिजात' भन्ने पुस्तकमा २०३५ /२०३६ सालको राजनैतिक, सामाजिक पर्याविराण यो उपन्यासमा अङ्कित भएको उल्लेख गरेका छन् ( घिमिरे र ज्ञवाली, २०५८, पृ. १२९)। पढन् सहर आएका सचेत विधार्थी व्यवस्था परिवर्तन गर्ने अभियानमा सरिक भएका थिए भने सरकार आन्दोलन दबाइ शाषण टिकाउन तल्लीन थियो। यो उपन्यासले २०३६ सालको आन्दोलनलाई प्रतिबिम्बित गरेको, लालबहादुर, सुवानीजस्ता पात्रले गोली थापी साहदात प्राप्त गरेका थिए भने सुवानीजस्ता क्रान्तिकारी महिला मण्डलेबाट बलात्कृत हुनुपर्ने अवस्था थियो। डी.एस. पी. आलेजस्ता कर्तव्यपरायण पात्र षडयन्त्रको शिकार हुनुपरेको थियो। गोरीमायाजस्ता अनपढ पात्र गाउँका शोषक सामन्तका जालझेलका सिकार भएका थिए। घ्याबरिङ बुढो जस्ता कैयन निम्नवर्गीय पात्र भोकै मर्नुपर्ने अवस्था थियो।

### भाषाशैलीका दृष्टिले *अनिदो पहाडसँगै उपन्यास*

प्रस्तुत उपन्यासमा पात्रअनुकूलको स्वाभाविक भाषाशैलीको प्रयोग भएको समालोचक द्धय घिमिरे र ज्ञवालीको मत पाइन्छ (घिमिरे र ज्ञवाली, २०५८ :.१३९)। गोरीमाया र घ्याबरिङ बुढोको भाषा सरल ग्रामीण छ भने लालबहादुर, एम. आर., सुवानीको भाषा बौद्धिक, तार्किक प्रकृतिको रहेको छ। अग्रेजीका पर्सनल असिस्टेन्ट, डी.एस.पी. पोष्टरिङ, पुलिसको भ्यान, गेट (पृ.२४७) जस्ता प्रशस्त शब्दहरू; क्षुब्द, स्पर्श, क्षमता, विवशता (पृ. २४६) जस्ता तत्सम शब्द तथा हस्याङ फस्याङ (पृ.२४७)जस्तो अनुकरणात्मक शब्द तथा प्रशस्त तद्भव शब्दका प्रयोगले उपन्यास जीवन्त बनेको छ। समालोचक प्रधान यस उपन्यासको भाषा सुललित, काव्यात्मक, स्वभाविक, तारतम्ययुक्त सान्दर्भिक भएको (प्रधान; २०५२ : ३५६) उल्लेख गर्दछन्।

गरीबको ज्यान त ढुङ्गामाटो जस्तो रहेछ (पृ.२०७) ,फूलथुङ्गे उमेर (पृ.२०७) जस्ता आलङकारिक वाक्य प्रयोग पाईन्छ। आबा (पृ. २०५), ज्यो ज्यो (पृ.२०९), मकैको भ्यावर (पृ.२०९), आवगेन (पृ.२१०) जस्ता स्थानीय तामाङभाषी शब्दले उपन्यास जीवन्त बन्न पुगेको छ।

### दृष्टिबिन्दुका दृष्टिले *अनिदो पहाडसँगै* उपन्यास

प्रस्तुत अनिदो पहाडसँगै उपन्यास बाह्रय वा तृतीय पुरुष दृष्टिबिन्दुमा रचना भएको छ। कथयिताले गोरीमाया, लालबहादुर, चन्द्रकान्ता, सुवानी आदि सबै पात्रका गतिविधि उल्लेख गरेको देखिन्छ। "आजभोलि बुढालाई निन्द्रा लाग्दैन त्यसैले धेरै रातसम्म सिकुवामा बसी सुल्फा तान्थ्यो र कुरा खेलायँथ्यो। आज त्यही क्रम चलेको छ। बुढा

सोच्दै गयो त्यही रात परेपछि नसोच्ने सोच्ने कुराहरू" (पृ.२०३) । "यसरी सम्पूर्ण पात्रको बारेमा कथायिताले उपन्यास बाहिर रहेर वाचन गरेको देखिन्छ। बग्दा - बग्दै ऊ गाउँ भीर पाखा पनेरो सबै ठाउँ पुगी। ऐंसेलु घारीभित्र पसी, कन्ने च्याउ खोज्न गई, भकिअमिलोको रुखमा भुण्डिई, चिलाउनेको फेदमा सुस्ताई, बारुलाको बच्चा पोलेर खाई, बाबियोको झ्याङमा निदाई, इन्द्रावती मसिनिहरूसँग मेलोमा गई" (पृ.२१०) जस्ता बाह्य दृष्टिबिन्दुका वाक्यमा उपन्यास रचना भएको छ।

## उद्देश्यका दृष्टिले *अनिदो पहाडसँगै* उपन्यास

यो उपन्यासले नेपालको पञ्चायती व्यवस्थामा विथार्थीहरूले खेलेको भूमिका तथा वि.सं. २०३५-२०३६ को विधार्थी आन्दोलन र त्यसको बलमा भएको जनमत सङ्ग्रहको घोषणा आदिको प्रस्तुतीकरण गर्ने उद्देश्यमा संरचित भएको देखिन्छ। पञ्चायती कालमा ग्रामीण भेगमा बस्ने निम्नवर्गीय पात्रहरू कतिसम्म शोषितपीडित छन् र अत्याचारका विरुद्धमा कसरी चेतनाहीन अवस्थामा बाँचेका छन् भन्ने देखाउनु पनि यस उपन्यासको उद्देश्य रहेको देखिन्छ। साथै उत्पीडित सबै तह र तप्काका जनताहरू एक ढिक्का भएर आन्दोलन गरेमा जनताको व्यवस्था ल्याउन सकिने मार्क्सवादी सिद्धान्त प्रकट गर्नु यस उपन्यासको उद्देश्य रहेको छ। समालोचक ऋषिराज बराल यस उपन्यासमा अन्तर ाष्ट्रिय सर्वहारावादी विश्व दृष्टिकोण प्रस्तुत गर्ने उद्देश्य रहेको उल्लेख गर्दछन् (बराल;

## संवादका दृष्टिले *अनिदो पहाडसँगै* उपन्यास

प्रस्तुत उपन्यासमा एम. आर.सँग सुवानी, लालबहादुर आदिका सम्बाद सशक्त छन् । "आमाको मायालु छायाँमा बसेर पेटभरि भात खायो। उसले चन्द्रकान्ताको आशुँको प्रतिउत्तर दिन चाहेन र चन्द्रकान्ताले त्यस मामलालाई बढी कोट्याउने साहस पनि गरिन। ... छोराको क्षणिक खुशियालीलाई ऊ सुमविश्व सुम्याएर राख्ने गर्थी" (पृ. २४७) । जस्ता सन्दर्भबाट के प्रष्ट हुन्छ भने बाबु डी. एस. पी. आलेसँग र आमा चन्द्रकान्तासँग लालबहादुरका बिचमा राम्रो संवाद हुन सक्दैन। एक अर्कोसँग हेराहेर र आर्न्तरिक मनोद्वन्द्व पाइन्छ। एक अर्को पात्र भेट्दा बोलचाल नै नहुने परिस्थिति प्रकट भएको छ भने अन्य पात्रका बिचमा संवाद राम्रो देखिन्छ। यसरी आमाछोराका बिचमा राम्रोसँग संवाद हुन नसक्ने कुरा प्रष्ट हुन्छ। "लालबहादुरले साहूसँग सोझो भनिदियो , म एउटा विधार्थीको आत्मसम्मानलाई पुलिस अफिसरको निगाहमा बेच्न चाहँदिन। बरू म मर्न तयार छु, साहूजी तर आले साहेबलाई गएर साथीहरूको छुटकराको याचना गर्दिनँ। साथीहरूको निम्ति हामी सङ्घर्ष गरौंला, जुलुस लैजाउँला, जनमत तयार पारैंला , तपाई केवल धैर्य गर्नुस"(पृ.२६१) जस्ता भनाइमा संवाद सशक्त देखिन्छ।

## निष्कर्ष

अनिदो पहाडसँगै उपन्यासमा वेदना , संमवेदना, सामजिक, मानसिक, सङ्घर्षशील, वीरता, साहस, षडयन्त्र, द्वन्द्व, राजनैतिक परिवर्तनको आशा आदि प्रस्तुत गर्न कथानक सफल देखिन्छ। राजनीतिक इतिहास कलात्मक किसिमले कथानकका रूपमा प्रस्तुत भएको पाइन्छ।

प्रस्तुत उपन्यासमा आएका अन्य पात्रहरूमध्ये प्रदीप आन्दोलनबाट पलायन भएको पात्र हो । आन्दोलनमा सरिक

भएका सबै पात्रले अविचलित यात्रा गर्दैनन् भन्ने उदाहरण यस पात्रबाट प्रस्तुत भएको छ। पुरुषरत्न साहू निम्न पूजीपति वर्गको प्रतिनिधिमूलक पात्र हो । ऊ आन्दोलनलाई सहयोग गर्ने, अरु विधार्थीलाई आन्दोलनमा उक्साउने तर आफ्नो छोरालाई आन्दोलनमा लाग्न नदिने चरित्रको पात्र हो । छोरो प्रहरीद्वारा समातिएपछि छुटाउन भरमग्दुर प्रयास गर्ने, लालबहादुरलाई समेत बुबालाई भनेर छोरो छुटाइदेउ भन्ने स्वार्थी पात्रका रूपमा देखापरेको छ। प्रमिला यस उपन्यासकी पूजीवादी चरित्रको प्रतिनिधित्व गर्ने पात्र हो । फेशनमा तडकभडक गर्ने पात्र हो । प्रवेश सुब्बा मण्डले चरित्रको प्रतिनिधित्व गर्ने पात्र हो । घ्याबरुङ बुढा असाहाय निम्न वर्गीय पात्र हो । जमुना भाउजू परिवर्तनको चाहना राख्ने पात्र हो । कृष्णे कार्की, प्रधानपञ्च सतासी बाजे ऊ.गाउँका शोषकका प्रतिनिधिमूलक पात्र हुन् । यसरी प्रस्तुत उपन्यासका हरेक पात्र फरक फरक प्रवृत्तिका यथार्थपरक र प्रतिनिधिमूलक रहेका छन् । हरेक पात्रले आ(आफ्ना समस्या भेलेका र मनोद्वन्द्वमा ग्रसित छन् ।

दुःख, कष्ट आदिलाई यस उपन्यासमा प्रकृतिको पनि भीषण र दुःखी रूप प्रस्तुत गरिएको छ । गोरीमायाले ज्यान जोगाउन लोग्नेको घरबाट भागेर माइत आउँदा रात चकमन्न छ । बिजुली चम्केको छ । चट्याङपरेको छ । पानी दर्केको छ। पत्तचायती व्वस्था विरोधी गतिविधि सबै रातीमा हुने कुरा पनि यहाँ प्रकट भएको । यसरी प्रस्तुत अनिदो पहाड उपन्यासमा पञ्चायतकालीन समयमा पूरै नेपाली रातभरि सुत्न नसकेर अनिदो बनेको सन्दर्भ पर्यावरणका रूपमा आएको देखिन्छ। तृतीय पुरुष बाह्य दृष्टिबिन्दुमा उपन्यास रचना भएको देखिन्छ। निरङ्कुश शासनव्यवस्थाका विरुद्ध, शोषक, पीडकका विरुद्धमा विधार्थी, मजदुर, सर्वसाधण नेपाली सबै तह र तप्काका नेपालीले आन्दोलन गर्नुपर्छ भन्ने सन्देश दिनु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ।

विं.सं २०३५-२०३६ सालको विधार्थी आन्दोलन तथा त्यो आन्दोलनका जगमा घोषणा भएको जनमतसङ्ग्रहको परिवेशलाई विषयवस्तु बनाएर लेखिएको प्रस्तुत अनिदो पहाडसँगै उपन्यास यथार्थ घटनामा आधारित प्रगतिवादी कोणबाट उत्कृष्ट उपन्यास हो । नेपालमा तानाशाही व्यवस्थाका विरुद्धमा लालबहादुर, सुवानी, एम.आर. जस्ता धेरै योद्धाहरूले आफ्नो ज्यान सुम्पे । गाउँमा धेरै गोरीमायाहरू बेचिए । गाउँका टाठाबाठा प्रधानपञ्च र कृष्णे कार्कीहरूले रजाइँ गरे भने सोझासाझा निमुखाहरू भोकै नाङ्गै मर्न विवश भए । सरकार जायज माग राख्नेलाई व्यवस्था विरोधी भनी जेल हाल्न र फाँसी दिन तल्लीन रह्यो । यही घटनालाई कलात्मक पाराले उपन्यासको स्वरूप दिइएको सफल उपन्यास बन्न पुगेको छ। वर्गीय द्वन्द्व, साम्रज्यवादको विरोध, सामूहिक सङ्गठन, आमुल परिवर्तनको चाहना, मार्क्सवादी दृष्टिकोण प्रस्तुत गरिएको अनिदो पहाड उत्कृष्ट उपन्यास बन्न पुगेको छ । स्थानगत रूपमा नुवाकोटको चिन्डे गाउँ, काठमाण्डौं सहर र तराइ उल्लेख भए पनि यो आम नेपाल र नेपालीको चरित्रचित्रण गरिएको उपन्यास हो । धेरै चन्द्रकान्ताहरू नारकीय जीवन जिउन विवश थिए । यो बहुसङ्ख्यक नेपालीको प्रतिनिधित्व गरेको र परिवर्तनका लागि आहान गरिएको प्रगतिवादी उपन्यास हो । यस उपन्यासमा बहुआयामिक पात्र प्रयोग गरिएका छन् । क्रान्तिकारी प्रगतिवादी पात्रहरूमा सुवानी, लालबहादुर, एम.आर, प्रदीप आदि देखिन्छन । प्रहरीको अति पिटाइ खाएपछि प्रदीप आन्दोलनबाट पलायन हुने चरित्र हो । प्रतिगामी मण्डले पात्रमा प्रवेश सुब्बालगायत साथीहरू दखिन्छन् । प्रधानपञ्च, कृष्णेजस्ता पात्र शोषकसामन्तका रूपमा देखिएका छन् । निम्न पूँजिपति पात्रका रूपमा पुष्परत्न साहू देखिएको छ । निम्न वर्गका शोषित पात्रहरू गोरीमाया, घ्याबरिङ बुढा, आधुनिक फेशनमा तडकभडक गर्ने पात्र प्रमिला, नयनतारा आदि रहेका छन् । यसरी यस उपन्यासमा विभिन्न छुट्टाछुट्टै प्रवृत्तिका प्रतिनिधिमूलक पात्रको प्रयोग भएको यो उत्कृष्ट मार्क्सवादी प्रगतिवादी उपन्यास बन्न पुगेको छ । भाषा, शैली, पात्र, उद्देश्य, पर्यावरण कथानक आदि सबैको उचित

संयोजन भएको यो एक उत्कृष्ट राजनैतिक ऐतिहासिक उपन्यास हो ।

**सन्दर्भसूची**


घिमिरे कृष्णप्रसाद र ज्ञवाली रामप्रसाद(२०५८),*आख्यानकार पारिजात,* काठमाडौँ : हजुरको पुस्तक संसार ।

प्रधान, कृष्णचन्द्रसिंह(२०४३),*नेपाली उपन्यास र उपन्यासकार* , दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.२०२५),*साझा समालोचना,* दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

पारिजात(२०५४),*अनिदो पहाडसँगै,* सिक्किम : निर्माण प्रकाशन ।

बराल, ऋषिराज (२०४०), प्रगतिवाद र नेपाली उपन्यास, बिराटनगर : प्रभात जन साहित्य परिवार ।

बराल, कृष्णहरि र एटम, नेत्र(२०५६),*उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* काठमाडौँ : साझा प्रकाशन ।

राई, ईन्द्रबहादुर (२०३१),*नेपाली उपन्यासका आधारहरू,* दार्जीलिङ : नेपाली साहित्य परिषद ।

श्रेष्ठ, दयाराम सम्भव (२०४८),*नेपाली साहित्यका केही पृष्ठ,* चौ.सं., काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३),*सृजनविधाका परिधिमा पारिजात,* काठमाडौँ : भूमिका प्रकाशन ।